# जोरायल गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः७ संख्याः १ मितिः २०८०/०३/०९

## भाग - १

**<u>जोरायल गाउँपालिका</u>**

# जोरायल गाउँपालिकाको आर्थिक ऐन, २०८०

**प्रस्तावनाः**

जोरायल गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त कर तथा शुल्क संकलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजश्व प्रशासन सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम जोरायल गाउँपालिकाको २०८०/०३/०९ गाउँ सभाले यो ऐन बनाएको छ ।

**<u>१. संक्षिप्त नाम र प्रारम्भः</u>** (क) यस ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गते देखि जोरायल गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**<u>२. परिभाषाः</u>** विषय तथा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "ऐन" भन्नाले जोरायल गाउँपालिकाको आर्थिक ऐन २०८०, सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" जोरायल गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ग) "गाउँपालिका" भन्नाले जोरायल गाउँपालिका लाई सम्झनुपर्दछ ।

(घ) "फर्म" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको वा नभएको जुनसुकै फर्म सम्झनुपर्दछ ।

(ङ) "ब्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नु पर्ने जुनसुकै ब्यक्ति सम्झनुपर्दछ ।

(च) "सभा" भन्नाले जोरायल गाउँपालिकाको गाउँसभा सम्झनुपर्छ ।

(छ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्दछ ।

**<u>३. सम्पत्तिकरः</u>** गाउँपालिका क्षेत्र भित्र रहेका घर टहरा तथा भवनहरु र सोले चर्चेको जग्गामा अनुसुची –१ बमोजिम सम्पती कर लगाइने र असूल उपर गरिने छ, घरको मूल्याङ्कन अनुसूचि २ अनुसार, घरको बनोटको आधारमा ह्रासकट्टी अनुसूचि ३ अनुसार गरिनेछ ।

*नोटः- घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गालाई जनाउदछ ।*

**<u>४. भुमि कर (मालपोत)</u>** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (४) बमोजिम भुमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

**५. घर वहाल करः** गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि –५ बमोजिम घर जग्गावहाल कर लगाइने र असूल उपर गरिनेछ ।

**६. व्यवसाय करः** गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि – ६ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**७.जडीबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस (खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे बापत अनुसूची – ७ कमोजिम जडिबुटी, कवाडी र जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

**८. सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि – ८ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९. विज्ञापन करः** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूचि – ९ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०. मनोरन्जन करः** गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि– १० बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

**११. बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूचि– ११ मा उल्लेख भएअनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२.पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्रकुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि– १२ बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३.सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची – १३ र अनुसूची – १४ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४.पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची–१५ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५.नदीजन्य पदार्थ (ढुंगा, गिट्टि, बालुवा, आदी) बिक्री करः** यस गाउँपालिका क्षेत्र भित्र भएर बग्ने, IEE गरेका र घाटगद्दि तोकीएका नदी, खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवा, भरान, ग्राभेल र माटो आदीमा अनुसूची १६ मा उल्लेख भए बमोजिम बिक्री कर लगाईने तथा असुल गरीनेछ ।

**१६. सामुदायिक बनबाट प्राप्त आयः** यस गाउँपालिका क्षेत्रभित्रका सामुदायिक बनका उपभोक्ता समितिले आफ्नो सामुदायिक बनको कुल आम्दानीको १० प्रतिशतका दरले हुन आउने रकम यस गाउँपालिकाको संचित कोषमा जम्मा गर्नु पर्नेछ । साथै आ.व. गुज्रेको ३ महिना सम्म १५ प्रतिशत, ६ महिना सम्म २५ प्रतिशत, १ वर्ष सम्म ५० प्रतिशत, एक वर्ष भन्दा माथि सत प्रतिशत जरिवाना शुल्क असुलउपर गरिनेछ ।

**१७. दर घटाउन, बढाउन वा छुट दिन सक्नेः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइएका दस्तुर, शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ । त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना स्थानीय राजपत्रमा प्रकाशन गनु पर्नेछ ।गाउँपालिका क्षेत्रमा व्यपार व्यवसाय दर्ता गर्न चाहाने अपाङ्गभएका व्यक्ति तथा महिलालाई ५० प्रतिशत छुट दिईनेछ ।

(२) उपदफा (१) बमोजिम करको दर घटइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष गाउँ सभामा पेश गर्नु पर्ने छ ।

(३) उपदफा (२) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट

सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महसुल र कर रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ ।

**<u>१८. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः</u>**

यो ऐनमा भएको व्यवस्थाअनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**<u>१९. दण्ड जरिवना तथा सजाय र पुरस्कारः-</u>** तोकीएको कर दस्तुर सेवा शुल्क समय सीमामा नबुझाएमा तथा अन्य स्थानीय तहका नियमहरु पालना नगरेमा अनुसूचि १७ बमोजिम दण्ड जरिवाना तथा सजाय लागाईने र असुल उपर गरिनेछ । उपरोक्त बमोजिम दण्ड जरिवाना तथा सजाय असुलिमा सहयोग गर्ने सरोकारवाला पक्षलाई गाउँसभा अधिबेशनको निर्णय बमोजिम प्रोत्साहान समेत प्रदान गर्न सकिनेछ । अनुसूची १७ मा उल्लेख भए बमोजिम बिक्री कर लगाईने तथा असुल उपर गरीनेछ तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

# अनुसूचि – १,

## दफा ३ सँग सम्बन्धित, सम्पत्तिकर

## १. जोरायल गाँउपालिकाले लगाउने सम्पत्तिकरको आधार

| साविकको गा.बि.स. | खेत तर्फ प्रति रोपनि | | | | पाखो तर्फ प्रति रोपनि | | | | सडकको दाँया बाँया तर्फ प्रति रोपनि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अब्बल | दोयम | सिम | चाहार | अब्बल | दोयम | सिम | चाहार | राजमार्ग | पक्की | ग्रभेल | कच्ची | गोरेटो/घोरेटो |
| घण्टेश्वर | ७० | ६८ | ६० | ५५ | ५४ | ५२ | ५० | ४८ | ३०० | ० | १८० | १५० | १०० |
| छतिवन | ८५ | ८१ | ७९ | ७३ | ७४ | ६७ | ६५ | ६३ | ४९५ | ३८५ | २८५ | २०५ | १५० |
| सरस्वतीनगर | ९१ | ८५ | ८४ | ८२ | ८३ | ८० | ७६ | ७५ | ० | ० | ० | २६० | १८० |
| लक्ष्मीनगर | ११० | १०५ | १०५ | १०० | १०५ | १०० | १०० | ९० | ० | ० | ० | २५० | १९० |
| गडसेरा | ६२ | ६० | ५८ | ५६ | ५८ | ५६ | ५३ | ५२ | ० | ० | ० | ११० | ८५ |
| निरौली | ६० | ५४ | ४९ | ४३ | ४९ | ४३ | ३८ | ३५ | ० | ० | | ११० | ८५ |

## २. सम्पत्ति करको दर

| **कर योग्य सम्पत्तीको मूल्य** | **वार्षिक दर (उदाहरण )** |
|---|---|
| पाचँ लाख रुपैयाँसम्मको मूल्याङ्कनमा | एक मुष्ठ रु. १०० |
| दश लाख रुपैयाँसम्मको | प्रति लाख (रु. २०) |
| बिस लाख रुपैयाँसम्मको | प्रति लाख (रु. २५) |
| तीस लाख रुपैयाँसम्मको | प्रति लाख (रु. ३०) |
| पचास लाख रुपैयाँसम्मको | प्रति लाख (रु. ३५) |
| साठी लाख रुपैयाँसम्मको | प्रति लाख (रु. ४०) |

| | |
|---|---|
| सत्तरि लाख रुपैयाँसम्मको | प्रति लाख (रु. ५०) |
| असि लाख रुपैयाँसम्मको | प्रति लाख (रु. ५५) |
| एक करोड भन्दा माथि | प्रति लाख (रु. ६०) |

**नोटः जग्गाको प्रकार नखुलेमा सबैभन्दा र न्युनतम रु ५० असुल गरिने ।**

**३.कर नलाग्नेः देहायको सम्पत्तिमा सम्पत्तिकर लाग्ने छैनः-**

- नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेको घर र जग्गा, ।
- सरकारी अस्पतालको भवन र जग्गा, ।
- गुठिको स्वामित्वमा रहेको भवन र जग्गा, ।
- सरकारी शिक्षण संस्था र अन्य सरकारी निकायको स्वामित्वमा रहेको भवन र जग्गा, ।
- धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को भवन र जग्गा, ।
- खानेपानी संकलन पोखरी, हवाई मैदान, विद्युत उत्पादक गृह, मसानघाट, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु, ।
- राजदूतावास, बाणिज्य नियोग, कुटनैतिक नियोगका भवन र जग्गा, ।

## अनुसूचिः-२
## दफा ३ संग सम्बन्धित घर मूल्याङ्कनका दरहरु

| घरको बनौट | मूल्याङ्कनका दर प्रति वर्ग फुट रु. |
|---|---|
| आर सिसि छाना भएको पिल्लर सहितको घर | १६०० |
| सिमेन्टको जोडाईमा ईटा वा ढुङ्गाको वाल भएको आर सिसि छाना भएको | १४०० |
| सिमेन्टको जोडाईमा ईटाको वाल भएको पत्थर तथा टिनको छाना भएको | ११०० |
| ढुङ्गाको वाल भएको पत्थर वा टिनको छानो भएको | १००० |
| ढुङ्गाको वाल भएको कच्ची छाना भएको वा टिनको कटेरो | ५०० |
| | |

## अनुसूचिः-३
## दफा ३ संग सम्बन्धित घरको हारसकट्टि दरहरु

| क्रस | घरको बनौट | प्रति वर्ष हारसकट्टि दर | हारसकट्टि गर्ने जम्मा वर्ष |
|---|---|---|---|
| १ | आर सिसि छाना भएको पिल्लर सहितको घर | ०.७५ प्रतिशत | १०० वर्ष |
| २ | सिमेन्टको जोडाईमा ईटा वा ढुङ्गाको वाल भएको आर सिसि छाना भएको | १ प्रतिशत | ७० वर्ष |
| ३ | सिमेन्टको जोडाईमा ईटाको वाल भएको पत्थर तथा टिनको छाना भएको | २ प्रतिशत | ३५ वर्ष |
| ४ | ढुङ्गाको वाल भएको पत्थर वा टिनको छानो भएको | ३ प्रतिशत | २५ वर्ष |
| ५ | ढुङ्गाको वाल भएको कच्ची छाना भएको वा टिनको कटेरो | ५ प्रतिशत | १५ वर्ष |
| | | | |

## अनुसूचिः-४

## दफा ४ संग सम्बन्धित भुमि कर (मालपोत) दरहरु

| सि.नं. | जग्गाको प्रकार करको दर | |
|---|---|---|
| | खेत | पाखो |
| | प्रति रोपनि रु. ९ | प्रति रोपनि रु. ६ |
| न्युनतम ३ रोपनि सम्म रु ५० असुल गरिनेछ । | | |

## अनुसूचि –५,

## दफा ५ संग सम्बन्धित, घर बहाल कर

१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने बहाल करको दर आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, जग्गा, वा पोखरी पूरै वा आंशिक रूपमा बहालमा दिएकोमा सम्बन्धित धनिबाट बहाल रकमको १० प्रतिशत सम्म ।

## अनुसूचि –६,

## दफा ६ संग सम्बन्धित, ब्यवसाय कर

**१) जोरायल गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वार्षिक रूपमा लगाउन सक्ने ब्यवसाय कर**

| सि.न. | व्यवसायको प्रकार | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत | |
|---|---|---|---|---|---|
| ४६१ | **होटल लज रेष्टुरेन्ट** | | | | |
| | ५ कोठा भन्दा बढी भएको बस्ने तथा खाने व्यवस्था भएको साधारण होटेल | ३००० | १५०० | | |
| | लज मात्र भएको | २००० | १५०० | | |
| | भोजनालय | १००० | ५०० | | |
| | मिठाई पसल | १००० | ५०० | | |
| | चिया चमेना पसल | ५०० | ३०० | | |
| | ५ कोठा भन्दा माथि एसि भएको होटेल,रेष्टुरेन्ट | ५००० | ३००० | | |
| ४६२ | **मासु पसल** | १००० | ७०० | | |
| ४६३ | **मदिरा पसल अनुमति पत्र** | | | | |
| | वितरक | २०००० | १०००० | | |
| | थोक विक्रेता | १५००० | ८००० | | |
| | खुद्रा विक्रेता | १०००० | ५००० | | |
| ४६४ | **सुनचाँदी तथा गरगहना पसल** | १५०० | १००० | | |
| ४६७ | **रेडियो/ मोवाईल विक्रि वितरण तथा मर्मत** | १००० | ५०० | | |
| | घडी विक्रि तथा मर्मत | १००० | ५०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४६८ | **जुत्ता चप्पल पसल** | १५०० | १००० | | |
| ४६९ | **छापाखाना** | | | | |
| | अपसेट प्रेस | २००० | १००० | | |
| | प्रिन्टिङ प्रेस | १००० | ५०० | | |
| ४६१० | **स्वास्थ्य सेवा** | | | | |
| | गैरसरकारी अस्पताल तथा पोलिक्लिनिक | ७५०० | ५००० | | |
| | नर्सिङ होम | ५००० | ३५०० | | |
| | मेडीकल/ल्याब | १५०० | ८०० | | |
| ४६११ | **तरकारी र फलफुल पसल** | | | | |
| | तरकारी र फलफुल पसल | १२०० | ८०० | | |
| | तरकारी पसल | १००० | ५०० | | |
| | फलफुल पसल | १००० | ५०० | | |
| | तरकारी संकलन केन्द्र | १५०० | १००० | | |
| ४६१२ | **साईकल मर्मत** | ८०० | ३०० | | |
| ४६१३ | **घ वर्ग निर्माण व्यवसायी ईजाजत दस्तुर तथा नविकरण** | | | | |
| | ईजाजत प्रमाणपत्र दस्तुर | १५००० | | | |
| | ईजाजत पत्र नविकरण दस्तुर | | ५००० | | |
| | ईजाजत प्रमाणपत्र थप नविकरण दस्तुर | | १०००० | | |
| | ईजाजत पत्र प्रतिलिपि दस्तुर | | २००० | | |
| ४६१४ | **नामसारी दस्तुर** | | | | |
| | सगोल परिवारभित्र | | ५००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | नामसारी दस्तुर | | | | |
| | सगोल परिवार भन्दा नामसारी दस्तुर | | ८००० | | |
| **४६१५** | **टेलिभिजन पसल/ ईलेक्ट्रोनिक पसल** | १५०० | १००० | | |
| **४६१६** | **कपडा तथा रेडीमेड, भाडाकुडा पसल** | | | | |
| | सानो | १५०० | १००० | | |
| | ठुलो | २५०० | १५०० | | |
| ४६१७ | **दैनिक खाद्य तथा किराना पसल** | | | | |
| | सानो | १५०० | १००० | | |
| | ठुलो | २००० | १५०० | | |
| **४६१८** | **हार्डबेयर पसल** | | | | |
| | सानो | २००० | १००० | | |
| | ठुलो | ४००० | २००० | | |
| ४६१९ | **स्टेशनरी पसल** | | | | |
| | सानो | १५०० | १००० | | |
| | ठुलो | २००० | १५०० | | |
| ४६२० | **वित्तिय सेवा** | | | | |
| | नेपाल सरकारको पूर्ण स्वामित्व रहेका क वर्गका सबै बैङ्क | १०००० | | | |
| | बिकास बैङ्क | ८००० | | | |
| | फाईनान्स कम्पनि शाखा कार्यालय | ५००० | | | |
| | लघु वित्त | १०००० | | | |
| | विमा कम्पनि | १५०० | १००० | | |
| | मनि ट्रान्सफर | १५०० | १००० | | |
| ४६२१ | **चस्मा पसल** | १००० | ५०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४६२२ | **सिलाई मेसिन बिक्रि तथा मर्मत पसल** | १५०० | १००० | | |
| ४६२३ | **फ्रिज मर्मत** | १००० | ५०० | | |
| ४६२४ | **आईसक्रिसम पसल** | ५०० | ३०० | | |
| ४६२५ | **कृषि भेटनरि सामग्रि सम्बन्धि पसल** | १००० | ५०० | | |
| ४६२६ | **निजि कलेज** | १०००० | ५००० | | |
| ४६२७ | **तारजालि बनाउने उद्योग** | २५०० | १५०० | | |
| ४६२८ | **मार्बल टायल पसल** | २००० | १५०० | | |
| ४६२९ | **पानि ट्याङ्कर** | २००० | १००० | | |
| ४६३० | **ग्याँस डिपो** | २००० | १००० | | |
| ४६३१ | **कोल्ड स्टोर** | २००० | १००० | | |
| ४६३२ | **आधुनिक पानि घट्ट** | ५०० | ३०० | | |
| ४६३३ | **गैर सरकारी संघ संस्था दर्ता/नविकरण** | | | | |
| | अन्तराष्ट्रिय गैसस | २००० | १००० | | |
| | राष्ट्रिय गैसस | १००० | ५०० | | |
| ४६३४ | **निजी विद्यालयलाई** | | | | |
| | १ देखी ५ कक्षा सम्म रु. | १०००० | २००० | | |
| | ६ देखी ८ कक्षा सम्म रु. | १५००० | ३००० | | |
| | ९ देखी १० कक्षा सम्म रु. | २०००० | ४००० | | |
| | ११ देखी १२ कक्षा सम्म रु. | २५००० | ५००० | | |
| | ट्युसन सेन्टर तथा कोचिङ कलास | १००० | ५०० | | |
| ४६३५ | **सहकारी संस्थमा** | | | | |
| | सहकारी संस्था दर्ता | १००० | ५०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४३३६ | पानि मुहान दर्ता तथा नविकरण | १००० | ५०० | | |

नोटः-यस गाउँपालिका भित्र भएका सहकारी संस्थाहरुले अनिवार्य रुपमा यस गाउँपालिकामा दर्ता भई सहकारी ऐन अनुसार मासिक प्रतिवेदन र वार्षिक विवरण प्रत्येक वर्ष अनिवार्य बुझाउनु पर्ने छ । वार्षिक कानून बमोजिम नविकरण तथा लेखापरिक्षण नगराउनेलाई जरिवना प्रति वर्ष ५०००। का दरले असुल उपर गरिनेछ ।

| | | | |
|---|---|---|---|
| ४६३७ | **माथि उल्लेखीत भएका भन्दा बाहेकका व्यवसायहरुका हकमा** | | |
| | रु.२०००० सम्म पूजि भएको | १००० | ५०० |
| | रु. २०००१ देखी १००००० सम्म पूजि भएको | १५०० | १००० |
| | १००००१ देखी ३००००० सम्म पूजि भएको | २५०० | १२०० |
| | ३००००१ देखी ५००००० सम्म पूजि भएको | ३००० | १५०० |
| | | | |

१.अन्यत्र दर्ता घरेलु तथा साना उद्योग कार्यालय, आन्तरिक राजश्व कार्यालय, कम्पनि रजिष्टारको कार्यालय लगायत दर्ताका लागि तोकीएका अन्य संस्था वा कार्यालय भएका व्यवसायीहरुले गाउँपालिका बाट अनिवार्य रुपमा व्यवसाय दर्ता प्रमाण पत्र लिई सो वापत व्यवसाय कर तिरेर मात्र यस गाउँपालिका क्षेत्रमा व्यपार व्यवसाय गर्न पाउनेछन।

२. अन्यत्र दर्ता नभएका साना व्यवसायी हरुले यस गाउँपालिकामा दर्ता भएर मात्र व्यवसाय सञ्चालन गर्न पाउनेछन। दर्ता हुदा माथि उल्लेखीत वर्गिकरण अनुसारको दर्ता शुल्क तिर्नुपर्नेछ ।

३. तोकिएको म्याद भित्र ब्यवसाय कर बुझाउन नआएमा प्रति वर्ष १० प्रतिशतका दरले जरिवाना गर्ने र चालु आ.व.को पौष मसान्त सम्म १० प्रतिसत छुट हुनेछ अन्यथा पुरै कर लाग्नेछ।व्यावसाय कर वुझाउने सम्वन्धमा व्यावसाय कर वुझाउने म्याद प्रत्येक आ.व.को असार २० गते सम्म बुझाई सक्नु पर्नेछ ।

| सि.न. | उद्योगको प्रकार | दर्ता शुल्क | नविकरण शुल्क | कैफियत |
|---|---|---|---|---|
| ४६३७ | **संचार सेवा** | | | |
| | निजि क्षेत्रका हुलाक सेवा, कुरियर सेवा | १००० | ५०० | |
| | टेलिफोन, फ्याक्स, ईमेल, ईन्टरनेटर सेवा | १००० | ५०० | |
| | एफ एम १०० मे सम्मको | ५००० | २५०० | |
| | केवल टि भि सेवा | ३००० | १५०० | |
| ४६३८ | **फोटो ग्राफी** | | | |
| | कलर ल्याब | २००० | १००० | |
| | फोटो स्टुडियो | १००० | ५०० | |
| ४६३९ | **टेलर** | १००० | ५०० | |
| ४६४० | **मोटर वर्कसप** | | | |
| | गाडीको बडी बनाउने तथा मर्मत गर्ने | २००० | १००० | |
| | मोटरसाईकल मर्मत सहित विभिन्न सवारी साधन मर्मत गर्ने | २००० | १००० | |
| | सम्पूर्ण सवारी साधन तथा पार्टपुर्जा बेच्ने | २००० | १००० | |
| | गाडी मात्र मर्मत गर्ने | १५०० | १००० | |
| | मोटरसाईकल मर्मत गर्ने | १००० | ५०० | |
| | मोटरसाईकल सोरुम | ५००० | २५०० | |
| ४६४१ | **मेटल वर्कसप** | १५०० | ७५० | |
| ४६४२ | **फर्निचर उद्योग** | | | |
| | स-मिल | ५००० | २५०० | |
| | स-मिल ट्रलि सहितको | ७००० | ३५०० | |
| | स- मिल ट्रलि नभएको | १०००० | ५००० | |

| | | | | |
|---|---|---|---|---|
| ४६४३ | **ईटा भट्टा र ईटा डिपो** | | | |
| | ईटा भट्टा | ६००० | ३००० | |
| | ईटा डिपो | ४००० | २००० | |
| ४६४४ | **ब्लग उद्योग** | ३००० | १५०० | |
| ४६४५ | **कम्प्युटर ईन्सिच्युट** | १५०० | ५०० | |
| | **दाउरा डिपो** | १००० | ५०० | |
| | **बेकरी उद्योग र बेकरी पसल** | | | |
| | बेकरी उद्योग | १००० | ५०० | |
| | बेकरी पसल | ५०० | २५० | |
| | **दुना टपरि उद्योग** | १००० | ५०० | |
| | **मिल** | | | |
| | कुटानी पिसानी र पेलानी मिल र एउटा मेशीन | २००० | १००० | |
| | प्रति थप एक मेशिनमा | | ५०० | |
| | **ब्युटिपार्लर तथा श्रृगार पसल** | १००० | ५०० | |
| | **कुखुरा पालन उद्योग** | | | |
| | ५०० भन्दा कम | १००० | ५०० | |
| | ५००-१००० सम्म | १२०० | ८०० | |
| | १००१-२००० सम्म | १५०० | ७५० | |
| | ह्याचरी समेत भएको | ८००० | ४००० | |
| | **पशुपालन फर्म** | | | |
| | बंगुर पालन फर्म | १००० | ५०० | |
| | भैसी पालन फर्म | १००० | ५०० | |
| | बाख्रापालन फर्म | १००० | ५०० | |
| | अन्य पशुपालन फर्म | १००० | ५०० | |
| | **पशु बधशाला** | १५०० | ७५० | |
| | **पशुपालन फर्म कृषि फर्म** | १५०० | ७५० | |

| | | | | |
|---|---|---|---|---|
| | **पोल्ट्रि फर्म** | | | |
| | **कृषक समुह दर्ता नविकरण** | २०० | १०० | |
| | **कानूनी फर्म** | १५०० | ७५० | |
| | **साईन बोर्ड पेन्टिङ** | १००० | ५०० | |
| | **फर्निचर एण्ड फर्निसिङ** | २५०० | १२५० | |
| | **जडिबुटि खरिद तथ निकासी पसल/डिपो** | १००० | ५०० | |
| | **डेरी पसल** | १५०० | ७५० | |
| | **संचार टावर राख्ने** | ७५०० | ५००० | |
| | **म्यानपावर सेवा** | ५००० | २५०० | |
| | **केटरिङ सेवा** | २००० | १००० | |
| | **दाना उद्योग** | २००० | १००० | |
| | **मिनरल वाटर उद्योग** | २५०० | १२५० | |
| | **ईन्जिनियरीङ्ग कन्सल्टेन्सी** | ५००० | २५०० | |
| | **कवाडी संकलन केन्द्र** | ३००० | १५०० | |
| | **खनिज उद्योग** | | | |
| | सबै प्रकारका निजि उद्योग तथा नविकरण रोडा ढुङ्ग समेत | १०००० | ५००० | |
| | अन्य ठुला उद्योग तथा कलकारखाना तथा नविकरण पचास लाख भन्दा माथि | ५००० | २००० | |
| | खानी क्रसर नामसारी दस्तुर | ६००० | ४००० | |
| | गाउँपालिका क्षेत्रभित्रबाट निकासी गरिने ढुङ्गा गिट्टि बालुवा स्लेट ग्राभेल र रोडामा संकलन बिक्रिकर प्रति घनमिटर | | १.५ | |

| | | | | |
|---|---|---|---|---|
| | गाउँपालिका क्षेत्रभित्रबाट निकासी गरिने माटो संकलन बिक्रिकर प्रति घनमिटर | | ०.५ | |
| | **बिशेषज्ञ परामर्श तथा अन्य व्वयसायीक पेशा** | | | |
| | ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको ईन्जिनियर र ओभरसियरलाई पटको दस्तुर | २००० | १००० | |
| | लेखा परिक्षक | १५०० | १००० | |
| | स्विकृत चिकित्सक | २००० | १००० | |
| | पशु चिकित्सक | १५०० | ५०० | |
| | कविराज | १००० | ५०० | |
| | भवन निर्माण तथा निर्माण सम्बनधि काम गर्ने व्यक्ति (ठेकेदार) | २००० | १००० | |

## अनुसूचि– ७,

## दफा ७ संग सम्बन्धित, कवाडी कर

## पुनः प्रयोग हुने कवाडी सामानहरुमा लाग्ने करको दररेट

| क्र.स. | नाम | इकाई | दर | |
|---|---|---|---|---|
| | | | रु. | पैसा |
| १ | खालि सिसि वियर | गोटा | १ | |
| २ | खालि सिसि मदिरा र अन्य ५०० एमएल भन्दा माथि | गोटा | | ५० |
| ३ | खालि सिसि मदिरा र अन्य ५०० एमएल भन्दा तल | गोटा | | ३० |
| ४ | मिनरल वाटर बोतल | गोटा | १ | |
| ५ | प्लाष्टिक ( झोला र दुधको थैला बाहेक ) | केजि | ३ | |
| ६ | खाली बोरा | | | |
| | १०० के जि खाद्यान्न अट्ने जुटको बोरा | पिस | १ | |
| | ५० के जि खाद्यान्न अट्ने जुटको बोरा | पिस | | ५० |
| | ५० के जि भन्दा बढी खाद्यान्न अट्ने प्लाष्टिक बोरा | | | ५० |
| ७ | तेलको टिन | पिस | | |
| | ठुलो १० भन्दा बढी अट्ने | पिस | १ | |
| | ठुलो १० भन्दा कम अट्ने | पिस | | ५० |
| ८ | हल्का पेय पदार्थ खालि सिसि | | | |
| | ५०० एमएल भन्दा माथि | पिस | | ४० |
| | ५०० एमएल भन्दा तल | पिस | | २० |
| ९ | पुराना कागज | | | |
| | अखबार | केजि | ३ | |
| | अन्य कागज | केजि | ३ | |

| | | | | |
|---|---|---|---|---|
| १० | **धातुका कवाडी सामानहरु** | | | |
| | फलाम | **केजि** | २ | |
| | अन्य पित्तल तामा आदी | **केजि** | १०० | |
| ११ | पोलेथिन  पाईपका टुक्राहरु | **केजि** | ३ | |
| १२ | परालबाट बनेका पुरानो सामान वा पराल | | ५० | |
| १३ | सिसा लिड को धुलो र टुक्रा | **केजि** | २ | |
| १४ | जस्तापाता | **केजि** | ५ | |
| १५ | जस्ताको धुलो | **केजि** | ५ | |
| १६ | झिन्डु (उनको टुक्रा) | **केजि** | २ | |
| १७ | पुरानो ब्याट्रि | **केजि** | ५ | |
| १८ | गार्मेन्टको कपडाको टुक्रा | **केजि** | २ | |
| १९ | जलेको मोबिल | **लिटर** | २ | |
| २० | जुट र प्लाष्टिकका पुनः प्रयोग हुन नसक्ने बोराहरु | **पिस** | १ | |
| २१ | कार्पेटका टुक्राहरु | **केजि** | २ | |
| २२ | टायर ट्युब | **पिस** | २ | |
| २३ | थोत्रा टिन | **केजि** | २ | |
| २४ | पुरानो ड्रम प्लाष्टि/फलाम | **केजि** | ४ | |
| २५ | पुरानो टायर ट्युब साईकल | **केजि** | १ | |
| २६ | कागजको झुरा | **केजि** | २ | ५० |
| २७ | प्लाष्टिकको जुत्ता चप्पल र प्लाष्टिकको टुक्रा | **केजि** | ३ | |
| २८ | प्लाष्टिकको थैली झिल्ली पोलेथिन आदी | **केजि** | ३ | |
| २९ | गत्ता | **केजि** | ३ | |
| ३० | टायर | **पिस** | २ | |
| ३० | टायरको बुराद | **केजि** | १ | |

| जडिबुटी व्यवसाय | दर्ता शुल्क | वार्षिक कर |
|---|---|---|
| बहुमुल्य जडिबुटी (खोटो, च्याउ,सतुवा,जटामासी,अमला, हर्रो बर्रा, रिठो, सिस्नु, दालचिनि पत्ता,काउलो, सिमजडी, ओखर, केरा, सुन्तला, आमिला, तिमुर, भिणेति, कुरिलो, झ्याउ, तिते, बोक्रा, च्याउँ) ब्यवशाय | २००० | बिक्रि बापत प्राप्त रकममा १० प्रतिशत |

नोटः-कानूनले निषेध गरेका जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जिवजन्तु हाड,सिङ प्वाख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवारमा कार्यपालिकाको निर्णय बमोजिम ।जस्तैः- खसि बाख्रा, राँगा, भैसी, गोरु, बङ्गुर, हाँस, कुखुरा, मह, दलहन,खच्चर, माछा मार्ने जाल)

## अनुसूचि– ८,
## दफा ८ संग सम्बन्धित,सवारी साधन कर

१) जोरायल गाउँपालिकाले आफ्नो क्षेत्र भित्र

२) लगाउन सक्ने सवारी साधन करको दर तल उल्लेखित दरमा तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएमा सोहि बमोजिम हुनेछ ।

| सि. न. | | वार्षिक सवारी कर | दर्ता शुल्क | वार्षिक कर |
|---|---|---|---|---|
| १ | सार्बजनिक | ठुला सवारी | | |
| २ | | मझौला सवारी | | |
| ३ | | साना सवारी (कार जिप भ्यान टेम्पो पावरटिलर) | | |
| ४ | | मोटरसाईकल | | |
| १ | निजि | ठुला सवारी | | |
| २ | | मझौला सवारी | | |
| ३ | | साना सवारी (कार जिप भ्यान टेम्पो पावरटिलर) | | |
| ४ | | मोटरसाईकल | | |
| ५ | | अटो रिक्सा वा बिद्युतिय रिक्सा | १००० | ५०० |

## अनुसूचि–९,

## दफा ९ संग सम्बन्धित, बिज्ञापन कर

१)जोरायल गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने विज्ञापन कर तल उल्लेखित दरमा तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा व्यवस्था भएमा सोहि बमोजिम हुनेछ ।

| ➢ **व्यवशायको विवरण** | **बार्षिक कर** |
|---|---|
| क) होडिङ्ग बोर्ड कर प्रति बर्ग फिट | ७५ |
| ख) ब्यानर प्रति गोटा | २०० |
| ग) भित्ते लेखन प्रति बर्गफिट | २० |
| घ) साइन बोर्ड पोस्टर टाँस्ने प्रति बर्ग फिट | ४० |
| ङ) डिजिटल बोर्ड प्रति बर्ग फिट | २०० |

नोटः नेपाल सरकार वा जनचेतनामूलक माईकिङमा विज्ञापन कर लाग्ने छैन ।

## अनुसूचि –१०,

## दफा १० संग सम्बन्धित,मनोरन्जन कर

जोरायल गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने मनोरन्जन कर प्रदेश कानुनले तोको बमोजिम हुने ।

| सि.नं. | विवरण | विस्तृत विवरण | दर | कैफियत |
|---|---|---|---|---|
| १ | मेला महोत्सव<br>सास्कृतिक प्रदर्शन<br>खेलकुद प्रतियोगिता | प्रति टिकेट | ३% | |
| २ | डिजिटल तथा एनालग टेलिभिजनको जडान | प्रति ग्रहाक | रु.५० | |

## अनुसूचि –११,

## दफा ११ संग सम्बन्धित, बहाल बिटौरी कर

जोरायल गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने बहाल बिटौरी शुल्कको दर

| सि.नं. | विवरण | दर |
|---|---|---|
| | हाट बजार मेला प्रति | १०० |

## अनुसूचि– १२,

## दफा १२ संग सम्बन्धित,पार्किङ शुल्क

१) जोरायल गाउँपालिकाल बस बिसौनीमा आउने/जाने तथा पार्किङ्क गरेका सवारी साधनको शुल्क ।

| सि.न. | व्यवसायको विवरण | दर |
|---|---|---|
| १ | जिप कार प्रति दिन | ५० |
| २ | ट्रक बस वा ठुला सवारी साधन प्रति दिन | १०० |
| ३ | मोटरसाईकल प्रतिदिन | २० |
| नोटः सरकारी सवारि साधनलाई पार्कीङ शुल्क नलाग्ने । | | |

## अनुसूचि– १३,

## दफा १३ संग सम्बन्धित, ट्रेकिङ्ग, कोयोकिड, क्यानोइड, बन्जी, र र्याफ्टङ्ग शुल्क

| सि.न. | व्यवसायको बिवरण | दर |
|---|---|---|
| | | |

## अनुसूचि– १४,
## दफा १३ संग सम्बन्धित, सेवा शुल्क दस्तुर
### निशुल्क गरिएका सेवाहरुः

- नागरिकताका लागि सिफारिस तथा अनुसूची फारम (वंशज)
- अस्पताल र औषधी उपलब्धका लागि गरिने सिफारिस
- रगत उपलब्धताका लागि गरिने सिफारिस
- व्यक्तिगत घटना दर्ता (३५ दिन सम्म)
- अपांग परिचयपत्रका लागि सिफारिस
- पेन्सन र सामाजिक सुरक्षासँग सम्बन्धित सिफारिश
- कानुनी सहायताका लागि गरिने सिफारिक
- सामाजिक तथा आर्थिक अवस्था कमजोर भएकाहरुका लागि सबै सिफारिस

| सि.न. | सिफारिस दस्तुर | दस्तुर | कैफियत |
|---|---|---|---|
| १२१३१ | **नागरिकता** | | |
| | नागरिकता सिफारिस | १०० | |
| | नागरिकता प्रतिलिपि सिफारिस | ५०० | |
| | वैवाहिक अंगिकृत नागरिकतामा | ५००० | |
| १२१३२ | **नाता प्रमाणित** | | |
| | नाता प्रमाणित सार्वजनिक मुचुल्का सहित | ५०० | |
| | नाता प्रमाणित दस्तुर | २०० | |
| | घर बाटो प्रमाणित | ५०० | |
| | अशिंयार प्रमाणित | २५० | |
| | बसोवास प्रमाणित | २५० | |
| | घर पाताल प्रमाणित | २५० | |
| | ब्यक्तिगत बिवरण प्रमाणित | २५० | |
| | जिवित सङ्गको नाता प्रमाणित गर्ने | २०० | |
| | मृतक संगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस | ३०० | |
| | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत | २०० | |

| | | | |
|---|---|---|---|
| | र ब्यक्तिगत | | |
| | हक वाला वा हकदार प्रमाणित गर्ने | २५० | |
| | घर पाताल प्रमाणित | १०० | |
| | जन्ममिति प्रमाणित | १०० | |
| | विवाह प्रमाणित | १०० | |
| | अविवाहित प्रमाणित | २०० | |
| | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित नेपालिमा/अङ्ग्रेजीमा | २५० | |
| | जन्ममिति प्रमाणित नेपालीमा/अङ्ग्रेजीमा | २५० | |
| | आय स्रोत प्रमाणित सिफारिस वार्षिक आयको हिसावले हुन आउने रकमको | ०.२५% | |
| | जग्गा/ सम्पति मुल्यांकन सिफारिस तथा प्रमाणित वापत | ०.२५% | |
| | कालोपत्रे मोटर बाटो भएको सिफारिस | ५०० | |
| | कच्चि तथा ग्राभेल मोटर बाटो भएको सिफारिस | २५० | |
| | नाबालक सिफारिस | १०० | |
| १२१३३ | **सरकारी सम्पत्तीको बहालबाट आय** | | |
| | हल भाडा प्रतिदिन | १००० | |
| | फोटोकपि/प्रिन्ट प्रति | १० | |
| | हल भाडा प्रतिदिन गा.पा. कार्यक्रम | ५०० | |
| | बुफर/साउण्ड सिष्टम भाडा प्रतिदिन | १००० | |
| | प्रोजेक्टर भाडा प्रतिदिन | २०० | |
| | टोटल स्टेशन | ३००० | |
| १२१३४ | **शिक्षा सम्बन्धि सिफारिस** | | |
| | विद्यालय ठाउँसारी गर्ने सिफारिस | ५०० | |
| | आधारभूत बिद्यालय खोल्न सिफारिस (सामुदायीक) | १५०० | |

| | | | |
|---|---|---|---|
| | आधारभूत बिद्यालय खोल्न सिफारिस (संस्थागत) | ५००० | |
| | बिद्यालय कक्षा थप गर्ने सिफारिस (सामुदायीक) | १५०० | |
| | बिद्यालय कक्षा थप गर्ने सिफारिस (संस्थागत) | ३००० | |
| | कक्षा ८ को मार्कसिट प्रतिलिपि | ५०० | |
| | **शिक्षक सरुवा सहमति/अनुमती (मा.वि.) (लियर आउने र जानेलाई जिल्ला भित्र)** | १००० | |
| | **शिक्षक सरुवा सहमति/अनुमती (मा.वि.) (लियर आउने र जानेलाई जिल** | **१५००** | |
| | **शिक्षक सरुवा सहमति/अनुमती (नि.मा.वि.) (लियर आउने र जानेलाई जिल्ला भित्र)** | ५०० | |
| | **शिक्षक सरुवा सहमति/अनुमती (नि.मा.वि.)(लियर आउने र जानेलाई जिल्ला बाहिर)** | १००० | |
| | ट्युसन सेन्टर तथा कोचिङ कलास | ५०० | |
| १२१३५ | **परिक्षा शुल्क** | | |
| | श्रेणि विहिन | ३०० | |
| | चौथो तह | ५०० | |
| | पाचौं तह | ७०० | |
| | छैटौ तह | १००० | |
| | सातौ तह | १२५० | |
| | आठौं तह | १५०० | |
| १२१३६ | **सुचिकृत दस्तुर** | | |
| | यस गाउँपालिका भित्र दर्ता तथा नविकरण भएका परामर्श सेवा/ फर्म/सप्लायर्स/कम्पनि/संघ संस्था लागि शुल्क लाग्ने छैन | निशुल्क | |

| | | | |
|---|---|---|---|
| | यस गाउँपालिका को क्षेत्र भन्दा बाहिर दर्ता तथा नविकरण भएका परामर्श सेवा/ फर्म/सप्लायर्स/कम्पनि/संघ संस्था लागि | ५०० | |
| १२१३७ | **चार किल्ला प्रमाणित** | | |
| | ५ कित्ता सम्म | ५०० | |
| | सो भन्दा बढी भए प्रति कित्ता थप | १०० | |
| | गाउँपालिकाले व्यक्तिगत कामको लागि अमिन खटाएमा प्रति पटक रु। २००० लिने सो को २५ प्रतिशत फिल्ड भत्ता वपत अमिनलाई उपलब्ध गराउने । | २००० | |
| १२१३८ | **घर नक्सा पास दस्तुर सिफारिस** | | |
| १ | **आवाशीय भवन** | | |
| | आर सिसि फ्रेम स्ट्रक्चर प्रति बर्ग फिट | ६ | |
| | लोडवेरिंग स्ट्रक्चर प्रति बर्ग फिट | ५ | |
| | जस्ता पाताको छाना भएको भवन प्रति बर्ग फिट बर्ग फिट | ४ | |
| | माटोको गाह्रोमा निर्माण हुने घर प्रति बर्ग फिट | ३ | |
| | घर जग्गा प्रखाल प्रति वर्ग फिट | २ | |
| २ | **व्यापारिक भवन** | | |
| | आर सि सि फ्रेम स्ट्रक्चर प्रति बर्ग फिट | ८ | |
| | लोडवेरिंग स्ट्रक्चर प्रति बर्ग फिट | ७ | |
| | जस्ता पाताको छाना भएको भवन प्रति बर्ग फिट | ६ | |
| | माटोको गाह्रोमा निर्माण हुने घर प्रति बर्ग फिट | ५ | |

| | | | |
|---|---|---|---|
| | घर जग्गा प्रखाल प्रति वर्ग फिट | ३ | |
| | आवशिय भवन र व्यापारिक भवन निर्माण गर्दा माथि उल्लेखित गरिएको दरमा प्रति तल्ला थप प्रति वर्ग फिट रु.६ का दरले बृद्धि हुदै जानेछ । | | |
| १२१३९ | **संस्थागत, गुठी, सहकारी विद्यालय तथा तालिम केन्द्र एवं प्राविधिक शिक्षालय तर्फ सिफारिस** | | |
| | स्थापना, नामसारी, ठाउँ सारी, नाम परिवर्तन र संशोधन | १०,००० | |
| १ | **संस्थागत गुठी र सहकारी विद्यालयको कक्षा थप** | | |
| | आधारभूत तह ५ कक्षा सम्म प्रति कक्षा | ५००० | |
| | आधारभूत तह ८ कक्षा सम्म प्रति कक्षा | १०००० | |
| | माध्यमिक तह १० कक्षा सम्म प्रति कक्षा | १५००० | |
| | माध्यमिक तह १२ कक्षा सम्म प्रति कक्षा | २०००० | |
| | क्याम्पस | २५००० | |
| २ | **तालिम तथा अनुसन्धान केन्द्र र निजि सामुदायीक संस्थागत र शिक्षालय** | | |
| | TSLC तह | १५००० | |
| | वाल विकास केन्द्र सिफारिस | ५०० | |
| | आधारभुत तहको ग्रेडसिट र प्रमाणपत्र प्रतिलिपि | ५०० | |
| | छोटो अवधिका तालिम संचालन गर्ने | १०००० | |
| | आधारभुत तहको परिक्षा दस्तुर | ५०० | |
| | डिप्लोमा तह | २०००० | |
| १३१२१० | **अन्य सिफारिस दस्तुर** | | |

| | | | |
|---|---|---|---|
| | मोही लगतकट्टाको सिफारिस | २५० | |
| | घर कायम | २०० | |
| | असक्त, असहाय तथा अनाथको पालन पोषणका लागि सिफारिस | निशुल्क | |
| | आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धि सिफारिस | निशुल्क | |
| | धारा तथा बिद्युत जडानको लागि सिफारिस | ५०० | |
| | प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने । | २५० | |
| | जातिय पहिचान र जातिय सिफारिस | १०० | |
| | संघ संस्था सिफारिस | ५०० | |
| | समुहगत/व्यक्तिगत फर्म दर्ताको लागि स्थायी लेखा नम्बर सिफारिस | १०० | |
| | महिला समुह, आमा समुह, कृषि तथा पशु समुह/ब्यवशाय दर्ता सिफारिस | ५०० | |
| | बन्दुक नविकरण | ६०० | |
| | बन्द घर तथा कोठा खोल्ने रोहबर | २५० | |
| | सहकारी सिफारिस दस्तुर | १००० | |
| | विनियम संसोधन प्रमाणिकरण | ५०० | |
| | मालपोत रसिद प्रतिलिपि दस्तुर | १०० | |
| | कार्यक्रम विस्तार तथा अनुमती | २००० | |
| | लेखा परिक्षण सिफारिस | ५०० | |
| | घर जग्गा करको लेखाजोखा | १०० | |
| | ब्यापार ब्यवशाय बन्द भएको, सञ्चालन नभएको वा ब्यापार ब्यवशाय हुदै नभएको सिफारिस | ५०० | |
| | निशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्न | निशुल्क | |

| | | | |
|---|---|---|---|
| | पानी मुल दर्ता  सिफारिस | १००० | |
| | वडा बाट जारी हुने सिफारिस तथा अन्य कागजात लाई अङ्ग्रेजिमा सिफारिस तथा प्रमाणित | २५० | |
| | जग्गाधनी दर्ता प्रमाण पुर्जामा घर कायम गर्न सिफारिस | २५० | |
| | कुनै ब्यक्तिको नामथर जन्ममिति तथा बतन फरक फरक भएको भए सो ब्यक्ति एकै हो भन्ने सिफारिस | १०० | |
| | नाम थर, जन्ममिति संसोधनको सिफारिस | १०० | |
| | जग्गाधनी दर्ता प्रमाण पुर्जा हराएको सिफारिस | २०० | |
| | कित्ताकाट गर्ने सिफारिस | २०० | |
| | जिवित रहेको सिफारिस गर्ने | २०० | |
| | पानी परिक्षण प्रति पटक | ५० | |
| | अन्य सिफारिस | १०० | |
| | नामसारी गर्ने सिफारिस | २५० | |
| | जग्गाको हक सम्बन्धमा सिफारिस | २५० | |
| | नेपाल सरकारको नाममा बाटो कायम | १०० | |
| | अपाङ्गता भएको सिफारिस | निशुल्क | |
| | बोलपत्र फाराम बिक्रि वापत २० लाख भन्दा मुनि | १००० | |
| | बोलपत्र फाराम बिक्रि वापत २० लाख भन्दा माथि | ३००० | |
| | आर्थिक ऐन बिक्रि वापत | २०० | |
| | निति तथा कार्यक्रम र बजेट किताब बिक्रि वापत | ५०० | |
| | प्रोफाईल/गा.पा. बस्तु स्थिति विश्लेण | १००० | |

| | | | |
|---|---|---|---|
| | किताब बिक्रि वापत | | |
| | नक्सा पास किताब | ५०० | |
| | ऐन नियम तथा कार्यबिधि | १५० | |
| | आवधिक योजना किताब | ३०० | |
| | अभिलेखालय को कार्यान्वयन शुल्क | १०० | |
| | मध्यमकालिन खर्च योजना | २०० | |
| | सहकारी दर्ता प्रमाण पत्र प्रतिलिपि | ५०० | |
| १२१३११ | **योजना सम्झौता सिफारिस** | | |
| | एक लाख सम्मको | १०० | |
| | १ लाख भन्दा माथि ५ लाख सम्म | २०० | |
| | ५ लाख भन्दा माथि | ३०० | |
| १२१३१२ | **पेश्की माग सिफारिस** | | |
| | एक लाख सम्मको | १०० | |
| | १ लाख भन्दा माथि ५ लाख सम्म | २०० | |
| | ५ लाख भन्दा माथि | ३०० | |
| १२१३१३ | **भुक्तानी माग सिफारिस** | | |
| | एक लाख सम्मको | १०० | |
| | १ लाख भन्दा माथि ५ लाख सम्म | २०० | |
| | ५ लाख भन्दा माथि | ३०० | |
| | प्रदेश र संघ अन्तर्गतका योजनाहरुको सिफारिस | ५०० | |
| १२१३१४ | **प्रदेश सरकार संघिय सरकारले कार्यान्वयन गर्ने योजनाहरुको कार्य सम्पन्न सिफारिस** | | |
| | ५ लाख सम्म | ५०० | |
| | ५ देखी १० लाख सम्म | १००० | |
| | १० देखी ३० लाख सम्म | १५०० | |
| | ३० देखी ५० लाख सम्म | २००० | |
| | ५० लाख भन्दा माथि | २५०० | |

| | | | |
|---|---|---|---|
| १२१३१ ५ | **स्थायी तथा अस्थाई बसोबास प्रमाणित गर्दा निबेदन दस्तुर सहित सिफारिस** | | |
| | स्थायीलाई | १०० | |
| | अस्थाईलाई | २०० | |
| १२१३१६ | **उद्योग व्यवसायका लागि** | | |
| | घरेलुमा सिफारिस गर्दा | २०० | |
| | सो को सर्जमिन गर्दा | २०० | |
| | अन्य सर्जमिनमा | १०० | |
| | मदिराको सर्जमिन गर्दा | ५०० | |
| | उद्योग ठाउँसारी गर्ने सिफारिस | ५०० | |
| १२१३१ ७ | **घरको नक्शा पास तथा भवन निर्माण आचार संहिता २०७२** | | |
| | बनिसकेको घर (प्रति बर्ग मिटर) | ५०पै | |
| | निर्माणाधीन घर(प्रति बर्ग मिटर) | २५पै | |
| | नयाँ बनाउने घर(प्रति बर्ग मिटर) | २५पै | |
| | घर निर्माण सम्पन्न प्रमाण पत्र दस्तुर | ५०० | |
| | घर निर्माण सम्पन्न प्रमाण पत्र प्रतिलिपि दस्तुर | २०० | |
| | घर निर्माण ईजाजत पत्र दस्तुर | २०० | |
| | घर नक्साको प्रतिलिपि दस्तुर | ५०० | |
| **१२१३१८** | **नक्सा नामसारी दस्तुर** | | |
| | संगोल परिवार भित्र नामसारी | ३०० | |
| | संगोल परिवार बाहिर नामसारी | ५०० | |
| १२१३१ ९ | **व्यवसाय ईजाजत पत्र नामसारी, प्रतिलिपि दस्तुर** | | |
| | संगोल परिवार भित्र नामसारी | १००० | |
| | संगोल बाहिर नामसारी | ५००० | |
| | प्रतिलिपि | ५०० | |
| | फर्मको नाम परिवर्तन | १००० | |

| | | | |
|---|---|---|---|
| | ईजाजत पत्रमा कायम पुजीलाई थप घट गर्न रु। | २००० | |
| १२१३२० | **व्यक्तिगत घटना दर्ता सिफारिस** | | |
| | ३५ दिन भित्र | निशुल्क | |
| १ | **म्याद नाघी आएमा** | | |
| | जन्म दर्ता | २०० | |
| | विवाह दर्ता | २०० | |
| | मृत्यु दर्ता | २०० | |
| | बसाईसराई दर्ता | २०० | |
| | सम्बन्ध बिच्छेद दर्ता | २०० | |
| २ | **प्रतिलिपि** | | |
| | जन्म दर्ता | ५०० | |
| | विवाह दर्ता | ५०० | |
| | मृत्यु दर्ता | ५०० | |
| | बसाईसराई दर्ता | ५०० | |
| | सम्बन्ध बिच्छेद दर्ता | ५०० | |
| | बसाईसराई जिल्लाभित्र | २०० | |
| | बसाईसराई जिल्ला बाहिर | ५०० | |
| | बसाईसराई गरि आउनेलाई ३५ दिन सम्म | निशुल्क | |
| गा.पा.क्षेत्रभित्र व्यबसाय गरी बसेका व्यबसायीले गा.पा.को निति नियम तथा प्रचलित ऐन नियम बिरुद्ध सडकको छेउछाउमा बाटो अबरुद्ध हुने गरी व्यवसाय सञचालन गरेको देखिएमा सो व्यवसाय धनीको सामान जफत गर्ने वा रु.१००० जरिवाना गर्ने र पुनः दोस्रो चोटि सोहि प्रकारको कार्य गरेमा सामान जफत गर्ने वा रु.५००० जरिवाना गर्ने | | | |
| कुनै पनि व्यापारी व्यापार गर्ने घर जग्गा भाडामा लिएको भए व्यापार व्यवसाय नविकरण गर्न आउदा १० प्रतिशत वाहाल कर अनिवार्य रुपमा वुझाउनु पर्नेछ । | | | |
| १२१३२१ | **न्यायीक दस्तुर** | | |
| | मिलापत्र कागज / उजुरी दर्ता | १०० | |

| | | | |
|---|---|---|---|
| | कागज वा मञ्जुरीनामा प्रमाणित | १०० | |
| | कोर्ट फि मिनाहा | निशुल्क | |
| १२१३२२ | **कृषि तथा पशु सेवा शाखाबाट प्रदान गरिने सेवा वाफतको राजश्व** | | |
| १ | **उपचार सेवा कार्यक्रा** | | |
| | गाई भैसी प्रति पशु दस्तुर | १० | |
| | भेडा बाख्रा प्रति पशु दस्तुर | ५ | |
| | कुखुरा हाँस प्रति पंक्षी दस्तुर | ५ | |
| | कुकुर बिरालो प्रति पशु दस्तुर | २५ | |
| | घोडा खच्चर बादर र अन्य वन्यजन्तु प्रति पशु दस्तुर | ५० | |
| २ | **प्रयोगशाला परिक्षण** | | |
| | गोबर परिक्षण दस्तुर | १० | |
| ३ | **शव परिक्षण** | | |
| | गाई भैसी | २५ | |
| | भेडा बाख्रा | १५ | |
| | कुखुरा/हाँस | १० | |
| | कुकुर बिरालो | १० | |
| | जङगली जनावर | २०० | |
| ४ | **पशु बन्ध्याकरण** | | |
| | रागो साडे प्रति पशु दस्तुर | ५० | |
| | बोका प्रति पशु दस्तुर | २५ | |
| | कुकुर बिरालो बंगुर दस्तुर | १०० | |
| | कृत्रिम गर्भधान प्रति पशु दस्तुर | २०० | |
| ५ | **पशुपंक्षी निकासी तथा पैठारि दस्तुर** | | |
| | गाई भैसि प्रति पशु दस्तुर | १०० | |
| | बाख्रा बंगुर प्रति पशु दस्तुर | ५० | |
| | हाँस कुखुरा तथा अन्य प्रति पंक्षी दस्तुर | ५ | |

| | | | |
|---|---|---|---|
| १२१३२३ | घुम्ती व्यापारीहरु बाट लिने दस्तुर | | |
| | एक हप्ता सम्म व्यापार गर्ने प्रति व्यक्ति | २०० | |
| | एक महिना सम्म व्यापार गर्ने प्रति व्यक्ति | ५०० | |
| | एक महिना भन्दा बढी व्यापार गर्ने प्रति व्यक्ति | १००० | |
| घुम्ती व्यापारीहरुले व्यापार गर्नको लागि सम्बन्धित वडा वा गाउँपालिका बाट अनिवार्य रुपमा अनुमती लिनुपर्नेछ । | | | |

## अनुसूचि– १५,
## दफा १४ संग सम्बन्धित,पर्यटन शुल्क

१) जोरायल गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउन सक्ने पर्यटन शुल्कमा गाउँपालिका आफैले संचालन व्यवस्थापन र निर्माण गरेको पर्यटकिय क्षेत्रमा पर्यटन व्यवसाय र क्रियाकलापमा बार्षिक आर्थिक ऐनले तोकेअनुसार पर्यटन शुल्क उठाउनेछ अन्यथा प्रदेश कानुनले तोको बमोजिम हुने ।

२)

| सि.न. | पर्यटकको प्रकार | शुल्क दर | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक पर्यटक | प्रति व्यक्ति रु. | २० |
| २ | बाह्य पर्यटक | प्रति व्यक्ति रु. | ५० |

नोटः- गाउँपालिका क्षेत्रभित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाईने छैन ।

## अनुसूचि– १६

## दफा १५ संग सम्बन्धित

## नदीजन्य पदार्थको बिक्री कर

(१) ढुङ्गा, गिट्टि, बालुवा, भरान, ग्राभेल आदीको बिक्रीमा प्रति घन मिटर रु.१०५। (भ्याट बाहेक)

(२) माटोमा प्रति घन मिटर रु.३०। (भ्याट बाहेक) लिने ।

## अनुसूचि– १७

## दफा १९ संग सम्बन्धित

## दण्ड जरिवाना तथा  सजाय र पुरस्कार

| सि.न. | विवरण | जरिवाना रकम रु | कैफियत |
|---|---|---|---|
| १ | जथाभावि चौपाया छोड्ने व्यक्तिलाई | प्रति चौपाया रु.५०० | |
| २ | अनुमती बेगर गाउँपालिका भित्र नदी जन्य सामग्रि(ढुङ्गा गिट्टि बालुवा) उत्खनन गर्ने व्यक्तिलाई | रु.१०,००० पहिलो पटक | उक्त कार्य दोहोरायमा पटकै पच्छे दोब्बर जरिवाना साथै उत्खनन कार्यमा प्रयोग हुने सामग्रि जफत |
| ३ | सार्वजनिक स्थलमा फोहोर बिर्सजन गर्नेलाई | रु.५०० पहिलो पटकलाई | उक्त कार्य दोहोरायमा पटकै पिच्छे रु १००० |